मीना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मञ्जु थापा, सं. । २०७१ । *रूपान्तरणमा महिला* । काठमाडौँ : अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था ।

महिलालाई मात्र समस्या मान्ने र मूलतः त्यहीँभित्र मात्र समाधान खोज्ने प्रवृत्तिको सामूहिक अभिव्यक्ति लिएर आएको पुस्तक *रूपान्तरणमा महिला*ले महिला आन्दोलन र यसले समेटेका सवालहरूलाई प्राज्ञिक बहस सहित विश्लेषण गर्ने कोसिस गरेको छ । पुस्तकमा गरिएको दाबी अनुसार यसको उद्देश्य "नेपालको समुन्नति र महिला अधिकारका विषयमा विभिन्न क्षेत्रमा सक्रिय सबैलाई सँगै ल्याएर नीतिगत विमर्श गराउने र नेपाली अनुभवको आलोकमा ज्ञाननिर्माणको प्रक्रियालाई योगदान दिने" हो । विभिन्न विषयका १९ ओटा लेख समेटिएको पुस्तकमा क्षेत्रगत विशेषज्ञता सहितका २४ जना लेखक र चार सम्पादक छन् । तीमध्ये दुई लेखक र तीन सह-लेखक बाहेक सबै महिला हुनु यो पुस्तकको विशेषता हो । लेखहरूलाई तीन खण्डमा बाँडिएको भनिए पनि पुस्तकमा ती खण्ड देखिँदैनन् ।

प्रकाशकको उद्देश्य नै "ज्ञाननिर्माणको प्रक्रियालाई योगदान दिने" भनिएकाले यसमा समेटिएका लेखहरूले ज्ञान निर्माणका निम्ति कति योगदान गर्न सक्लान् भन्ने कोणबाट समीक्षा गरिएको छ । यस क्रममा मूलतः अनुसन्धान मूलक प्राज्ञिक लेखनको आधारभूत नियमहरूको कसीमा पुस्तक कस्तो देखिएला भन्नेतर्फ ध्यान दिइएको छ । पुस्तकमा गरिएका दाबी र विश्लेषणप्रति सहमति वा विमतिको सट्टा "सम्मान तर अलगाव" सहित आम बौद्धिक पाठकको दृष्टिकोणबाट यो पुस्तकलाई केलाइएको छ ।

नेपाली महिलाको अस्तित्व छ कि छैन भन्ने सेरा तामाङको सवालबाट शुरू भएको यो पुस्तकमा विकास प्रयास तथा अर्थतन्त्र; सामाजिक परिवेश र व्यवहार; तथा राजनीतिक पक्ष गरी मूलतः तीन प्रकारका सामग्री अटाएका छन् । राष्ट्रवादी र राष्ट्रिय आन्दोलनहरू पितृसत्तात्मक विचारहरूमाथि निर्भर रहँदै अगाडि बढ्छन् र ती विचार पुरुषले महिलामाथि गर्ने नियन्त्रणमा कसरी भर पर्छन् भन्ने कुरा विभिन्न राष्ट्रिय अध्ययनले देखाएको कुरा तामाङले उल्लेख गरेकी छन् । तर, कुनै एउटा अध्ययनलाई पनि उद्धृत नगर्दा एकातर्फ तथ्यगत विश्वसनीयता कमजोर भएको छ भने अर्कातर्फ त्यस्ता अध्ययन सामग्री आफै पढ्न चाहने पाठकहरू ती स्रोतबाट वञ्चित भएका छन् । तुलनात्मक रूपमा सन्दर्भ सामग्रीको निकै लामो सूची पेस गर्ने तामाङको लेखमा त यस्तो अभाव महसुस हुन्छ भने, एउटा पनि सन्दर्भ सामग्री नभएको "इस्लाम धर्ममा महिला" शीर्षकको मोहम्मदी सिद्दीकीको लेखलाई स्वधर्मका पक्षमा दिइएको लिखित प्रवचन मात्र मान्दा हुन्छ ।

यही कुरा इसाई धर्ममा महिला सम्बन्धी थीर केसीको लेखमा पनि लागू हुन्छ । लेखमा यहुदीको असान्दर्भिक आलोचना (पृ. १९२), क्रिश्चियन मतको विभाजन उल्लेख भए पनि तिनको संख्याको अभाव (पृ. १९३), चर्चहरूमा महिलाको उपस्थिति बढ्नुको कारणबारे फगत अनुमान (पृ. १९४) जस्ता अधुरा सूचनाको अधिक प्रयोग पाइन्छ । त्यस्तै, इस्लाम धर्ममा महिलाबारे ठाउँ-ठाउँमा तथ्य दोहोरिएको सिद्दीकीको लेखमा इस्लाम धर्म आउनुभन्दा अगाडि महिलाको कुनै सम्मान नभएको तर धर्मग्रन्थ कुरानले भने महिला र पुरुषलाई बराबरी हक दिएको दाबी गरिएको छ । नेपाली मुस्लिम प्रतिको राजनीतिक दृष्टिदोषबारे मन्तव्य मात्र होइन, आफ्नै संस्था फतिमा फाउण्डेशनको बखानसम्म गर्न भ्याएकी सिद्दीकीको दाबी अनुसार इस्लाम धर्मले होइन, अनुयायीहरूले मात्र महिलालाई विभेद गरेका हुन् (पृ. १९९) । हिन्दू वर्णाश्रम धर्ममा महिला सम्बन्धी निर्मला शर्मा ढुङ्गानाको लेख रोचक र जानकारीमूलक छ । यद्यपि, लेखको मूल पाठमा उल्लेख गरिएका केही कृति सन्दर्भ सूचीमा परेका छैनन्; जस्तै, भट्टराई (२०४४), स्वामी प्रपन्नाचार्य (२०३८), मनुस्मृति (१९९२) ।

हिन्दू, बुद्ध, इसाई र इस्लाम धर्ममा महिलाको स्थानबारे सामग्री पाइनु यो पुस्तकको सुन्दर पक्ष हो, तर पनि इसाई र इस्लाम धर्मबारे आलोचनात्मकभन्दा जानकारीमूलक र प्रतिरक्षात्मक रुझान हावी देखिन्छ । विभिन्न धर्मका सन्दर्भमा लेखकहरू महिलाका

रूपमा भन्दा पनि धर्मका प्रतिरक्षकका रूपमा प्रकट भएको प्रतीत हुन्छ । यस मामिलामा चन्द्रा भद्राको प्रस्टोक्ति छ, "यो धर्मभन्दा त्यो धर्मका महिलाको स्थिति राम्रो छ भन्ने कुरा पूर्णतया झूटो हो किनभने संसारका सबै धर्म पितृसत्तात्मक छन्" (गौतम २०७३ : २३७)।

महिलाको अवस्थामा धर्मको प्रभाव बारेको विचारोत्तेजक लेखमा दुर्गा घिमिरेले वैदिक कालमा महिलाको महत्त्व र सामाजिक स्थान उच्च रहेको तर्क विभिन्न प्रमाणका साथ गरेकी छन् । तर, लेखनको क्रमबद्धतालाई भंग गर्दै अनायास विभेदपूर्ण पक्षहरूबारे चर्चा शुरू गरेकी छन्, तीजको व्रतको उदाहरण दिएर (पृ. १५३) । लेखमा विभिन्न कुप्रथाहरूको चर्चा गरिए पनि तीमाथि हस्तक्षेपका उपायहरू नपस्किएकाले ती जानकारी मूलक मात्र हुन पुगेका छन् । यसरी नै चर्चा मात्र गरेर चित्त बुझाउने प्रवृत्ति अरू लेखहरूमा पनि प्रशस्त पाइन्छ । हिन्दू वर्णाश्रम धर्ममा महिलाबारे निर्मला शर्मा ढुङ्गानाले "जुनसुकै धर्म र आस्थामा बसेका भए तापनि धर्म र संस्कृतिका आडमा अमानवीय व्यवहार खप्नै परेको" (पृ. १७३) भनी सामान्यीकरण गर्नाले यस्तो व्यवहार खप्नुलाई विश्वव्यापी यथार्थका रूपमा स्वीकारेको भान पर्छ ।

हिन्दू वर्णाश्रम धर्ममा जस्तो महिलाको अवस्था बुद्ध धर्ममा भने नभएको दाबी राजेन मानन्धरको लेखमा छ । लेखमा अशोक काल (पृ. १८१) कहिले थियो भनेर खुल्दैन भने बुद्धलाई "तपाई" र उहाँकी आमालाई "तिमी" सम्बोधनको औचित्य पुष्टि हुँदैन (पृ. १७६) । नेपालमा बुद्ध धर्मलाई २००७ सालपछि अपराध नमानिएको जानकारी दिइएको छ, तर कहिलेदेखि अपराध मान्न थालियो भन्ने पत्तो चाहिँ पाइँदैन । लेखमा बुद्धको जन्म कहिले भएको हो भन्ने विषयमा रहेको विवादको पक्षलाई छोइदिएको मात्रै भए पनि राम्रो हुने थियो । दक्षिण एशियाबाट इस्वी संवत्को शुरूआततिर (क्रील सन् १९५३ : १८६) हिमाली शृंखला पार गर्दै बुद्ध धर्म कसरी चीनतिर प्रवेश गऱ्यो ? सिद्धार्थ गौतमको जन्म इसा पूर्व ५६० मा भएको (क्रील सन् १९५३ : १९०) मान्दा उनीभन्दा ९ वर्ष कान्छा इसा पूर्व ५५१ का कन्फ्युसियस (क्रील सन् १९५३ : २५) को प्रभाव क्षेत्रमा यसले के बुतामा प्रभाव जमायो ? र, कन्फ्युसियसभन्दा अग्रज समकालीन लाओत्से (क्रील सन् १९५३ : ९९) को विचारका अनुयायी ताओवादीहरू पनि बुद्ध धर्मको प्रभावबाट किन अछुतो रहेनन् ? यस्ता प्रश्नको संक्षिप्त जानकारी मात्र भएको भए पनि लेख निकै ज्ञानवर्द्धक हुने थियो । महिलाप्रति बुद्धवादी दृष्टिकोणको तुलनात्मक श्रेष्ठताबारे प्रकाश पार्न सकिने बलियो आधार समेत यहाँनिर नभएको होइन ।

"अर्थनीतिका विभिन्न चरण र महिला" शीर्षकको ख्यातिप्राप्त अर्थशास्त्री मीना आचार्यको सामयिक लेखले विश्व परिवेश, लैंगिक मूल प्रवाहीकरणको अवधारणा र अनुभव, तथा लैंगिक उत्तरदायी बजेट जस्ता विषय समेटेको छ । विश्व परिवेशलाई खण्ड (क) नभनिए पनि नेपालको सन्दर्भलाई खण्ड (ख) मा व्यवस्थित गरिएको यस लेखको

पहिलो खण्ड विश्लेषणात्मक छ भने दोस्रो खण्ड हाल सम्मका आवधिक योजनाहरूबारे आवश्यक सामग्रीहरूको संकलन मात्र हुन पुगेको छ। तर, यो लेख नभएर कार्यपत्र भएको कुरा दुई-दुई ठाउँ (पृ. २२ र ३२) मा उल्लेख गरे पनि कहाँ, कहिले प्रस्तुत कार्यपत्र हो भन्ने चाहिँ खुलाइएको छैन। आचार्यकै अर्को लेख पारिश्रमिक बिनाको सेवा मूलक काम र महिलाका सम्बन्धमा छ। दुवै लेखमा अर्थशास्त्रीको भाषालाई समुन्नत बनाउनमा ध्यान नपुगेको महसुस हुन्छ।

"स्रोत र साधनमा महिलाको पहुँच" शीर्षकको प्रतिभा सुवेदी र जगत देउजाको संयुक्त लेख विचार निर्माण पक्ष मात्र होइन, तर्कका हिसाबले पनि अपेक्षित उचाइको छैन। विषयवस्तुसँग असम्बन्धित सामग्री पनि राखिएकोले यसको आकार बढेको छ। अर्थतन्त्र र महिलाका विषयमा पुष्पा घिमिरे निरौलाको लेख संरचनागत दृष्टिले शुरूमा सुदृढ छ, तर क्रमशः मनोगत कार्यपत्र वा टिप्पणी जस्तो हुँदै गएको छ। निष्कर्षमा पुगेर एक्कासि महिला आन्दोलनको कुरा आउँदा प्राज्ञिक पाठक अप्ठ्यारोमा पर्छ। त्योभन्दा आश्चर्यको कुरा त, लेखको अन्तिम वाक्यमा ललितपुरमा सम्पन्न एक कार्यशालाको निष्कर्ष राखिएको छ, जुन लेखकको पनि निष्कर्ष हो कि होइन खुल्दैन।

नेपालमा महिला आन्दोलन र साहित्यबारे चर्चा गर्दा सुधा त्रिपाठी आफैमा एक प्राधिकार हो, र यो भावनाको अभिव्यक्ति उनको लेखाइमा अपेक्षा गरिन्छ। तर, व्यवस्थित र जानकारी मूलक उनको लेखमा पुरानो ज्ञानलाई जोड्ने क्रममा एघारौँ शताब्दीका पूर्वीय काव्य चिन्तक मम्मटभन्दा अगाडि पुग्न नसक्नु पाठकको निराशाको एउटा कारण बन्नसक्छ। यसले महिला आन्दोलनको साहित्यिक इतिहाससम्म मात्रै पाठकको पहुँचलाई सीमित गरिदिएको छ। त्यसको एक प्राग्ऐतिहासिक उदाहरणीय पात्र हुन्—इन्हेडुआन्ना। मेसोपोटामियाली यी कवयित्रीले आफ्ना रचनाको माध्यमबाट इसा पूर्व २३०० को पुरुष हैकमवादी समाजमा राजनीतिक र न्यायिक क्षेत्रमा प्रभावशाली हस्तक्षेप गरेको (उपाध्याय सन् २०१२ : ६–७; बिङ्कली सन् २००४ : ४९) जस्तो इतिहासलाई चटक्कै बिर्सेर महिला समकालीन साहित्यकारहरूको नामनामेशीमा रुचि देखाइनुले पाठकलाई थप निराश बनाउने नै भयो। मनुका बारेमा दुर्गा घिमिरे (पृ. १५३) र त्रिपाठीको चित्रण (पृ. २०६) परस्पर विरोधी छन्।

सञ्चार माध्यम र महिलाका मामिलामा पत्रकार शुभेच्छा विन्दु तुलाधरको लेख शुरूबाट नभएर बीचबाट लेख्न थालिए जस्तो लाग्छ, तर यसको समापन स्पष्ट निष्कर्ष सहितको भएकोले पाठकले धेरै नघोत्लिइकन पनि विचार निर्माणमा खुराक पाएको महसुस गर्न सक्छ। मिडिया अध्येताहरूका लागि महत्त्वपूर्ण हुँदाहुँदै पनि लेखको व्याख्यामा तथ्यांक तथा सन्दर्भ सामग्री जस्ता प्राज्ञिक प्रमाण अपर्याप्त छन्। गम्भीर लेखकीय बाटो पार गर्न आवश्यकभन्दा कम मेहनत गरेको भान हुन्छ।

एउटा गैरसरकारी सञ्जालको परिचयबाट शुरू भएको शान्तालक्ष्मी श्रेष्ठको लेखमा नारीवादी दृष्टिकोणमा शिक्षा र महिला शिक्षाको इतिहास उल्लेख गर्नुका साथै शिक्षामा महिलाको पहुँच र परिणामको व्यापक परिमाणात्मक विश्लेषण गरिएको छ । लेखमा गुरुकुल शिक्षासम्म पुऱ्याएर पुरानो ज्ञानसँग सम्पर्क स्थापित गर्न खोज्नु सराहनीय छ । तर, त्यस क्रममा सेरिडको प्रकाशनसम्म मात्र सीमित नरही मौलिक स्रोतलाई उद्धृत गर्न सकेको भए सुनमा सुगन्ध हुने थियो ।

विभिन्न तथ्यांक, उदाहरण, घटना, प्रवृत्ति, आदिलाई शीर्षक, उपशीर्षक, कोष्ठक, बुँदा, आदिमा व्यवस्थित गरिएको अरूणा उप्रेती र विधान आचार्यको महिला र स्वास्थ्य सम्बन्धी लेख एकदमै सरल छ । समाज र स्वास्थ्यका विषयमा व्यापक रूपमा कलम चलाउने सिद्धहस्त व्यक्तिहरूको उपस्थिति नै त्यस सरलताको रहस्य हुनुपर्छ । यो लेख सारांशबाट शुरू हुन्छ; वास्तवमा त्यहाँ सारांश नभएर अध्ययन विधि छ । लेखको समग्र ढाँचा भने अनुसन्धानमूलक भन्दा पनि कुनै म्यानुअल वा कार्यपत्र जस्तो छ ।

अधिवक्ता इन्दु तुलाधरको "लोकतान्त्रिक रूपान्तरण : शक्ति र कानून निर्माण" शीर्षकको लेख मूलतः कानून र राजनीतिक विषयवस्तुमा केन्द्रित छ । परिचय भनिए पनि पृष्ठभूमिबाट शुरू भएको यो लेखको भाषा शैली कानूनका दफाहरू जस्तै जेलिएको छ । यसको उदाहरणका रूपमा यस लेखको अन्तिम वाक्यलाई लिन सकिन्छ (पृ. ३२०–३२१)।

महिला अधिकार र सर्वोच्च अदालतका फैसलाको सान्दर्भिक विश्लेषण गरिएको विन्दा मगर र यामबहादुर किसानको लेख महत्त्वका दृष्टिले जति गहन छ, भाषिक छरितोपनको दृष्टिले त्यत्तिकै रुग्ण छ । कानूनी भाषालाई प्राज्ञिक वा आम प्रयोगको भाषा बनाउन नसक्नु यसको कारण हो । २१ हरफ सम्मका वाक्य र एक पृष्ठ भरिका उद्धरण कहालीलाग्दा छन् । निष्कर्ष भनेर स्वागत मन्तव्य लेखिएको छ ।

पुस्तकमा राजनीतिक नेतृत्वमा महिलाको पहुँचका विषयमा मञ्जु थापा र दीप्ति खकुरेलको संयुक्त लेख परेको छ । राजनीतिमा महिलाको सहभागिता र पहुँच बढाउने विभिन्न छ ओटा उपाय सुझाइएको लेख सरल र जानकारीमूलक छ । यसको ढाँचा तुलनात्मक रूपमा व्यवस्थित छ । तर, स्रोत र सन्दर्भ सामग्री पर्याप्त नखुलाइएकाले कमजोर बनेको छ ।

श्रमिक महिला नेतृ बिन्दा पाण्डेको लेख श्रमिक आन्दोलनमा लैंगिक समानताको विषयमा छ । यस लेखमा जानकारीको स्रोतका रूपमा विकिपिडियाको प्रयोग निकै भएको पाइन्छ । यतिसम्म कि २०४६ सालको नेपालको मन्त्रीमण्डलमा मजदुर नेताहरू पुगेको जानकारीका लागि पनि विकिपिडियाको प्रयोग भएको छ, जसलाई कत्ति पनि बौद्धिक र प्राज्ञिक मान्न सकिन्न ।

प्रभादेवी कैनी र इन्द्र अधिकारीले लेखेको "सशस्त्र द्वन्द्वको प्रभाव" शीर्षकको लेख भने शीर्षकदेखि नै अस्पष्ट छ । लेखमा महिलाभन्दा द्वन्द्वको मामिला हावी छ । लेख पढिसक्दा पनि लेखकको दाबी या मूल अभिप्राय बुझ्न सकिँदैन ।

समग्र रूपले हेर्दा पुस्तकमा संरचनागत पक्षलाई राम्ररी ध्यान दिइएको छैन । परिचय खण्डमा हुनुपर्ने अंशहरू निष्कर्ष खण्डमा आएको पहिलो लेखदेखि नै पाइन्छ । एकबाट अर्को प्रसंगमा प्रवेश गर्दा क्रमबद्धताको अभाव अनेकौँ छन् । योगमाया न्यौपानेको अधुरा प्रसंग तीन लेखमा छरपष्ट रूपमा देखापर्छ । महिलाको अवस्थामा धर्मको प्रभाव शीर्षकको दुर्गा घिमिरेको लेखका कतिपय प्रसंग बुद्ध धर्म र साहित्य सम्बन्धी लेखमा पनि दोहोरिएका छन् । लेखहरू सामान्यबाट विशिष्टतिर प्रवेश गर्ने, प्राज्ञिक दृष्टिले प्रामाणिक तथ्य तथा कथ्यहरूको प्रयोग गर्ने, ज्ञानको विशाल क्षेत्र र पुराना ज्ञानसँग नयाँ ज्ञानलाई जोड्ने, निश्चित दाबी तथा सारतत्त्व सहित लेख्ने, र संरचनाको घोषणा गर्दै लेखनलाई अघि बढाउने जस्ता आम प्राज्ञिक लेखनको नियम प्रायः पूरा भएको देखिँदैन । निष्कर्षमा अनायास नयाँ सूचना, तर्क वा तथ्य प्रस्तुत गरेको समेत भेटिन्छ । भाषागत हिसाबले, अंग्रेजीबाट नेपालीकरण नगरी शाब्दिक उल्था गरे जस्ता वाक्यहरू अधिकांश लेखमा छन् । यी सबैले यो पुस्तक सम्पादनका हिसाबले कमजोर रहेको तथ्य उजागर गर्छ ।

पुस्तक प्रकाशनका लागि आवश्यक लगानी गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एक्सनएड इन्टरनेशनल नेपालका विमलकुमार फुयाँलले पुस्तकको भूमिकामा उल्लेख गरे जस्तै पुस्तकमा संलग्न व्यक्तिहरूका कारण यसले आधिकारिकता र मौलिकता प्राप्त गरेको छ, र प्रकाशक संस्थाका अध्यक्ष इन्दु तुलाधरले प्रकाशकीयमा अपेक्षा गरे जस्तै पुस्तकले महिला आन्दोलनका महत्त्वपूर्ण सवालहरूलाई सार्वजनिक बहसको अग्रपंक्तिमा अवश्य पनि ल्याएको छ । तर, प्राज्ञिक प्रकाशनका विज्ञलाई पुस्तक सम्पादनको जिम्मेवारी सुम्पेको भए पुस्तकले अवश्य पनि थप गहनता र गुणस्तर पाउने थियो ।

समग्रमा, प्राज्ञिक लेखनका दृष्टिले तमाम कमजोरीका बाबजुद यो पुस्तक प्राज्ञिक बजारमा महिलाका तर्फबाट गरिएको एक महत्त्वपूर्ण हस्तक्षेप हो । यसले ज्ञान निर्माणका निम्ति सन्दर्भ सामग्रीका रूपमा केही योगदान अवश्य गर्नेछ । प्राज्ञिक तथा गम्भीर पाठकलाई लक्षित गरेर महिलाबारे लेखिने पुस्तक दुर्लभ रहेकाले यो पुस्तकले सान्दर्भिक डिस्कोर्स शुरू गर्नमा भने महत्त्वपूर्ण योगदान दिने विश्वास गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री

गौतम, सावित्री । २०७३ । लैंगिक समानताको अभियान रिलेदौड जस्तो हो (चन्द्रा भद्रासँग अन्तर्वार्ता) । *समाज अध्ययन* ११ : २२९–२३८ ।

Binkley, Roberta. 2004. The Rhetoric of Origins and the Other: Reading the Ancient Figure of Enheduanna. In *Rhetoric Before and Beyond the Greeks*. Carol S. Lipson and Roberta A. Binkley, eds., pp. 47–63. New York: State University of New York Press.

Creel, Herrlee G. 1953. *Chinese Thought from Confucious to Mao Tse-Tung*. Chicago: The University of Chicago Press.

Upadhyaya, Phanindra Kumar. 2012. Judging Pre-Greek Rhetoric through Lenses of Western Rhetoric/Civilization Shaped by Plato and Aristotle. In *Random Musings in Rhetoric & Writing Studies*. Pp. 6–10. Kathmandu: Institute of Advanced Communication Education & Research.

**विनोद ढुङ्गेल**

लेखक तथा सम्पादक, ललितपुर